# बंगलादेशबाट सामान आयात रोक्न व्यवसायीको माग, 'हामीलाई निकासी गर्न असहज, उनीहरुलाई सहज किन?'

विराटनगर।नेपाल आत्मनिर्भर भइसकेका वस्तुहरू बङ्गलादेशबाट सहुलियतमा प्रशस्त पैठारी भइरहेको उल्लेख गर्दै व्यवसायीले तिनलाई नियन्त्रण गर्न आग्रह गरेका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मोरङ व्यापार सङ्घको संयुक्त आयोजनामा भएको अन्तरक्रियामा सहभागी व्यवसायीले आत्मनिर्भर भइसकेका वस्तुको पैठारीमा नियन्त्रण गर्न आग्रह गरेका हुन् ।'हामी दूध धेरै उत्पादन गरेर मिल्क होलिडे मनाइरहेका छौँ तर बङ्गलादेशबाट धूलो दूध पैठारी गर्छौं', नेपाल–बङ्गलादेश च्याम्बर अफ ट्रेडर्सका संस्थापक अध्यक्ष पन्नालाल जैनले भने, 'जुसमा पनि आत्मनिर्भर छौँ तर बङ्गलादेशबाट जुसका नाममा केमिकलयुक्त पानी आइरहेको छ । यसले स्वदेशी उद्योग सङ्कटमा परेका छन् ।'

व्यवसायी जैनका अनुसार बङ्गलादेशबाट नेपालमा सहुलियत भन्सार महसुलमा प्रशस्त मालवस्तु भित्रिए पनि यहाँबाट बङ्गलादेश निकासी गर्न भने धेरै अप्ठेराहरू छन् ।उद्यमी जैनले इलामको आलु बङ्गलादेश निकासी गर्न खोज्दा ११५ प्रतिशत भन्सार तिर्नुपरेको र २२० डलर प्रति मेट्रिक टनको अदुवालाई  बङ्गलादेशको भन्सारले ९०० डलर मूल्याङ्कन गरेको जानकारी दिए ।

नेपालबाट बङ्गलादेश मालवस्तु निर्यात गर्दा ७८ वटा डकुमेन्ट आवश्यक पर्ने र गैर भन्सार अवरोधको प्रशस्त सामना गर्नुपर्ने उनको गुनासो थियो ।
'बङ्गलादेशमा कृषि उत्पादन र हरियो तरकारीको ठूलो बजार छ तर हामीले पठाएको हरियो तरकारीको ट्रक चेकजाँचका नाउँमा बङ्गलादेश तर्फको भन्सारले २ दिन रोकिदिन्छ', जैनले भने, 'नेपालको क्वारेन्टाइनले परीक्षण गरेर पठाएको कृषि उत्पादनलाई बङ्गलादेशको भन्सारले स्वीकार गर्ने सम्झौता गरिनु आवश्यक छ ।'

उनले एक समय नेपालबाट बङ्गलादेशमा ट्रान्सफरमरको निकासी उल्लेखनीय रूपमा भए पनि केही वर्षयता ह्रास आएको प्रसङ्ग उल्लेख गरे ।बङ्गलादेशतर्फ नेपालको जङ्गलका लडापडा रुख र तिनका फर्निचरको निकासीको सम्भावना ज्यादै भएको चर्चा गर्दै उनले काठमाडौंबाट ढाका सम्मको बस सञ्चालन गर्न सके पर्यटन पनि फस्टाउने थियो भन्ने धारणा प्रकट गरे ।

नेपाल बङ्गलादेश च्याम्बर अफ कमर्सका अध्यक्ष यादव पौडेलका अनुसार भूटानबाट बङ्गलादेश निर्यात हुने अलैँचीको भन्सार महसुल शून्य प्रतिशत छ तर नेपालको अलैँचीको भन्सार महसुल ११० प्रतिशत असुल गरिन्छ ।अध्यक्ष पौडेलले नेपालका गुणस्तरीय उत्पादन पनि बङ्गलादेश पठाउन नसकिएको तर त्यहाँका अखाद्य र गुणस्तरहीन वस्तु नेपाल भित्रिएको दाबी गरे ।

उनले नेपाली व्यवसायीले नेपालबाट २६ किलोमिटर पूर्वमा रहेको बङ्गलादेश जान भिसाका लागि ५ सय किलोमिटर पश्चिम पुग्नु पर्ने बाध्यता रहेको गुनासो गर्दै काँकडभिट्टा नाकाबाट बङ्गलादेशका लागि भिसा पाइने व्यवस्था हुनुपर्ने आग्रह गरे ।नेपाल जुट उद्योग सङ्घका अध्यक्ष राजकुमार गोल्छाले भने, ‘नेपालका कार्पेट उद्योगलाई आवश्यक पर्ने जुटको धागो बङ्गलादेशबाट पैठारी गरिन्छ जबकि हामी नै त्यस्तो धागोको उत्पादन गर्न सक्छौँ । तर बङ्गलादेशले जुटको धागोको निर्यातमा त्यहाँका व्यवसायीलार्य २० प्रतिशत नगद अनुदान दिएको छ । त्यसैले यहाँका उद्योगले हामीसित खरिद गर्न भन्दा पैठारी गर्न सस्तो परेको हो । हामी जुन मूल्यमा जुटको आयात गर्छौं, त्यही बराबरको मूल्यमा धागोको पैठारी हुन्छ ।’

अध्यक्ष गोल्छाले सरकारले जुट उद्योगीलाई चोर–डाका सम्झेको र त्यहीअनुसारको व्यवहार गर्ने गरेको आक्रोश व्यक्त गरे ।अध्यक्ष राजकुमारले जुटका वस्तुको निर्यातमा सरकारबाट नगद अनुदान प्राप्त गर्न एलसीमा निकासी भएको हुनुपर्ने भन्ने सरकारी प्रावधानले उद्यमी निराश र हतोत्साही भएको प्रतिक्रिया व्यक्त गरे ।

मोरङ व्यापार सङ्घका उपाध्यक्ष सुनील टिवडेवालले आफ्नो कार्पेट उद्योगमा उत्पादित मालवस्तु बङ्गलादेश निकासी भइरहेको भए पनि बैङ्क ग्यारेन्टीमा कच्चा पदार्थ ल्याउन नपाएको दुखेसो गरे ।‘उद्योगको कच्चा पदार्थ बङ्गलादेशबाट काँकडभिट्टा नाका हुँदै भित्रन्छ’, उपाध्यक्ष टिवडेवालले भने, ‘तयारी कार्पेटको निकासी बङ्गलादेश हुन्छ र विराटनगर नाकाबाट गरिन्छ । यसरी २ वटा भन्सारबाट काम गर्नुपर्दा बैङ्क ग्यारेन्टीमा कच्चा पदार्थ ल्याउन नपाइएको हो । यसका लागि हामी भन्सार विभागमा पनि धेरै पटक गयौँ । विभागले एक द्वार प्रणालीबाट रकम फिर्ता लिन सुझाव दिए पनि त्यस प्रणालीबाट काम गर्न सहज छैन ।’

उद्यमी सुनीलले बङ्गलादेशमा कार्पेट उद्योग नभएको तर नेपालबाट त्यहाँ जाने कार्पेटलाई ९० प्रतिशत भन्सार महसुल निर्धारण गरिएको बताए ।
शारडा ग्रुपका सञ्चालक एवम् उद्योगी प्रदीप शारडाले बङ्गलादेशतर्फ दाल र ब्रान (धानको भुस)को

निर्यात गर्ने आफू प्रदेश नम्बर १ कै सबैभन्दा ठूलो कारोबारी भएको दाबी गर्दै नेपाल सरकारले शुल्क लिइरहेको गुनासो गरे ।उद्यमी शारडाले दालमा १ प्रतिशत र ब्रानमा प्रति किलोग्राम ५० पैसा निर्यात शुल्क तिरिरहेको जानकारी दिए ।

Article : http://www.bizmandu.com/content/20190221193441.html